कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

CORPORATE OFFICE
Thirbam Sadak, Tangal, Kathmandu
Phone: +977-01-4443075/76
Email: info@kumaribank.com
Website: www.kumaribank.com
SWIFT: KMBLNPKA

प.लि.द.नं.:- ७२३/०५६/५७

प.च.नं.:- केबिएल/क.स./२६/२०८१/८२

मिति:२०८१/१०/२७

श्रीमान् रजिष्ट्रारज्यू,
श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर,काठमाण्डौं ।

**विषय : कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम बिवरण पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८१/१०/२१ गते यस कुमारी बैंक लि.को चौबिसौं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी गराउदै सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको १(एक) प्रति प्रतिलिपि सहित कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम साधारण सभाको विवरण पेश गरिएको व्यहोरा अनुरोध छ ।

**निवेदन साथ संलग्न बिवरणहरु :**

१.कम्पनी ऐन, २०६३ को दफा ८०(१) बमोजिम चौबिसौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरुको संख्या, बार्षिक आर्थिक विवरण, संचालक समिति र लेखापरीक्षकको प्रतिवेदन र सभाबाट पारित निर्णयको बिवरण - १ थान ।

२.आ.व.२०८०/८१ को लेखापरीक्षण प्रतिवेदन - १ थान ।

**निवेदक**

.......................
कम्पनी सचिव

KUMARI BANK LTD. CORPORATE OFFICE

**बोधार्थ :**

१) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।
२) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
३) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
४) श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंह दरवार प्लाजा, काठमाण्डौं ।
५) श्री सि.डि.एस.एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

# कुमारी बैंक लि.

# को

# चौबिसौं वार्षिक साधारण सभाको

# निर्णय विवरणहरु

# (माईन्यूट)

२०८१/१०/२१

# कुमारी बैंक लिमिटेड
## को
## चौबिसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट)

कुमारी बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय :**

मिति : २०८१ साल माघ महिना २१ गते सोमबार (तद्नुसार ०३ फेब्रुवरी २०२५)
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, टुंडिखेल, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

**२) सभाको सूचना :**

(क)बैंकको मिति २०८१/०९/२६ मा बसेको सञ्चालक समितिको बैठकले निर्णय अनुसार चौबिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०८१/०९/२८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रथम पटक र मिति २०८१/१०/०९ गतेका कारोबार राष्ट्रिय दैनिकमा दोस्रो पटक सार्वजनिक सूचना प्रकाशित गरिएको ।

(ख)बैंकको चौबिसौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारी निकायहरुलाई सूचित गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**छलफलका विषयहरु:**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वार्षिक आर्थिक विवरण (२०८० आषाढ मसान्तसम्मको वासलात, आ.व.२०८०/०८१ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.बी.एल. सेक्यूरिटिज लि.को आ.व.२०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण पारित गर्ने ।
४. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**ख. विविध ।**

KUMARI BANK LTD. CORPORATE OFFICE

**कुमारी बैंक लि., चौबिसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८१/१०/२१**

४) **सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

(क) **संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| १) श्री अमिर प्रताप ज.ब.राणा | - अध्यक्ष |
| २) श्री पशुपति मुरारका | - संचालक |
| ३) श्री महेश प्रसाद पोखरेल | - संचालक |
| ४) श्री विजय कुमार श्रेष्ठ (कर्मचारी संचय कोष) | - संचालक |
| ५) श्री राजाराम खड्का | - संचालक |
| ६) श्री विजय स्थापित | - स्वतन्त्र संचालक |
| ७) श्री सिम्रन अग्रवाल | - संचालक |

(ख) **बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १) श्री रामचन्द्र खनाल | - प्रमुख कार्यकारी अधिकृत |
| २) श्री सुधिर नाथ पाण्डे | - नायब प्रमुख कार्यकारी अधिकृत |
| ३) श्री रोहित सिंह | - सहायक महाप्रवन्धक |
| ४) श्री अश्विन बाबु श्रेष्ठ | - कम्पनी सचिव |

५) **सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | २६,२२,५८,६१४ कित्ता |
| आवश्यक न्युनतम गणपुरक शेयर संख्या | १३,११,२९,३०८ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | ४,४८,५९,७८६ कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | १०,९१,६४,७६९ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | १५,४०,२४,५५५ कित्ता |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५८.७३% |
| शेयरधनी स्वयं उपस्थिति | ८५५ जना |
| प्रतिनिधि मार्फत | ६४० जना |
| जम्मा उपस्थित शेयरधनी संख्या | १,४९५ जना |

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए।

६) **सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या २६,२२,५८,६१३ कित्ताको ५०% भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको व्यहोरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो। सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार १५,४०,२४,५५५ कित्ता संख्याको शेयरधनी तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा उपस्थिति रहेको थियो।



KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

<u>***कुमारी बैंक लि., चौबिसौं बार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८१/१०/२१***</u>

**७) सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, संचालक समितिका अन्य संचालकज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित बैंकका पदाधिकारीहरु एवं सबै शेयरधनीहरुलाई आ–आफ्नो स्थानमा आसन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

**८) अध्यक्षज्यूको मन्तव्य :**

सभामा स्वयं तथा प्रोक्सी मार्फत उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु, साथै चालु आ.व.को पछिल्लो त्रैमाससम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्त रुपमा प्रतिवेदन प्रस्तुत गर्दै आफ्नो मन्त्वय राख्नु भयो ।

अध्यक्षज्ूले विषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने बैकिङ्ग सेवाहरुलाई थप प्रभावकारी बनाउदै, सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै, बैंकलाई सफलता दिलाउने तर्फ बैंकको सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेत कटिबद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस बार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

**९) छलफलका लागि आव्हान :**

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको लागि निर्धारित विषयवस्तु उपर आफ्नो धारणा राख्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा, तथा सुझाव :**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :

१. श्री लवराज जोशीज्यूले आगामी साधारण सभा २५ औं रहेको, बैंकको सा बर्ष रजत बर्ष रहेकोले सो को गरिमा राख्ने गरी आगामी साधारण सभामा शेयरधनीहरुलाई लाभांश दिन सक्ने गरी कार्य गर्न अहिले देखि नै बैंक व्यवस्थापन, कर्मचारीहरु तथा संचालकहरु खराब कर्जा असुलीको लागि तदारुकता साथ लाग्न, अनावश्यक खर्च कटौती गर्दै आगामी दिनमा लाभांश दिन सुझाव दिंदै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

२. श्री उत्तम दत्त पाण्डेज्यूले आ.व.२०८०/८१ मा विश्व अर्थतन्त्रमा क्रमिक सुधार आए पनि नेपालको आर्थिक गतिविधिमा देखिएको स्थिलतामा अपेक्षित सुधार नभएको, बैंकिङ्ग क्षेत्रमा अत्याधिक तरलता भए पनि र कर्जाको ब्याजदर निरन्तर ओरालो लाग्दा समेत नयाँ कर्जाको माग नभएको, लगानी भएका कर्जाहरुको ब्याज असुली हुन नसकी कर्जा नोक्सानी व्यवस्था नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड भन्दा बढ्न गएको हुँदा आगामी दिनमा खराव कर्जा असुलीमा विशेष ध्यान दिन, संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च नेपाल राष्ट्र

KUMARI BANK LTD. CORPORATE OFFICE

बैंकले तोकेको भन्दा बढी खर्च नगर्न, आगामी साधारण सभाबाट शेयरधनीलाई प्रतिफल दिने गरी खराव कर्जा असुली कार्य गर्न सुझाव दिंदै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

३. श्री गुणराज भट्टज्यूले कुमारी बैंकको संस्थागत सुशासन अत्यन्त राम्रो रहेको, शेयरधनीहरुसँग बैंकको सम्बन्ध राम्रो रहेको, कर्मठ कर्मचारीहरुले अत्यन्त मेहेनत गरिरहेको अवस्थामा पनि शेयरधनीहरुलाई लाभांश दिन नसकेको, कर छुट दिने नेपाल राष्ट्र बैंकको नीतिको आधारमा बैंकहरुले मर्जर तथा प्राप्ति गरे पछि नेपाल सरकारको भुतप्रभावी कर कानून बनाई ठूलो करको भारले गर्दा बैंकले लाभांश दिन नसकेको, आगामी दिनमा गुणस्तरिय धितो सुरक्षण लिई कर्जा लगानी गर्न, ब्यालेन्सिटको पहिलो पृष्ठमा जहिले पनि कुमारीको फोटो राख्न आग्रह गर्दै आगामी साधारण सभाबाट प्रतिफल दिने गरी खराव कर्जा असुली कार्य गर्न सुझाव दिंदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

४. श्री व्यास कुमार शर्माज्यूले बैंकका अध्यक्षले सभामा दिनु भएको मन्तव्यमा बैंकिङ्ग क्षेत्रको यथार्थ तथा सटिक अवस्था बारे चर्चा गरिएको, विषम परिस्थितिमा रहेको बैंकिङ्ग क्षेत्र लगायत देशको अर्थतन्त्रमा सुधारको लागि नेपाल सरकार र नेपाल राष्ट्र बैंकको सहयोगको लागि सबै बैंकर तथा संचालकहरुले सहकार्य गरी आवश्यक पहल गर्नुपर्ने, आगामी बर्ष शेयरधनीहरुलाई लाभांश दिन सक्ने गरी व्यवस्थापनले कार्य गर्ने विश्वासका साथ बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

५. श्री भक्ति प्रसाद उप्रेतीज्यूले शेयरधनीहरुको पहिलो चासो नै लाभांश रहेको, संचित नोक्सानी नभरेसम्म लाभांश दिन पाईदैन, अघिल्लो वर्ष निक्षेप तथा लगानीमा वृद्धि भएको, कर्जा सापटमा वृद्धि नभएको, व्याज आम्दानी बढेको तर व्याज खर्च बढेकोले खुद व्याज आम्दानी घट्न गएको, बैंकको सहायक कम्पनीको नाफा गर्न थालेको, जलविद्युत क्षेत्रमा कर्जा लगानी गरेको राम्रो रहेको, बैंकको सफलताको लागि बैंक व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिंदै अथक परिश्रम भएर पनि आगामी बर्ष लाभांश दिन सकेन भने सम्पूर्ण शेयरधनी प्रति अन्याय हुने भएकोले आगामी वर्ष शेयरधनीहरुलाई लाभांश दिने गरी कर्जा असुली गर्ने कार्य बारे विभिन्नहरु सुझाव दिंदै आगामी बर्षको लेखापरीक्षण कार्य भाद्र भित्रै सम्पन्न गरी आगामी साधारण दशैं अघिनै गर्न आग्रह सहित सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो र आजको सभामा पेश गरिएको सबै प्रस्तावहरुलाई समर्थन व्यक्त गर्नु भयो ।

६. श्री अंगराज भारतिज्यूले कृषि क्षेत्रमा गरेको कर्जा लगानी तथा कर्जा खरिद बिक्रीको रकम बारे जिज्ञाशा राख्दै आफूले मागे अनुसारको सूचना बैंकले आफूलाई उपलब्ध नगराएको गुनासो राख्नु भयो ।

७. श्री ध्रुवराज न्यौपानेज्यूले कर्जा असुली कार्य नै अहिले पहिलो महत्वपूर्ण बिषय भएकोले कर्जा असुलीमा गम्भीर भई लाग्न सुझाव दिंदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना सहित सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

८. श्री कृष्ण प्रसाद अधिकारीज्यूले बैंकको उत्तरोत्तर प्रगतिको कामना सहित सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

KUMARI BANK LTD.
CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

**कुमारी बैंक लि., चौबिसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८१/१०/२१**

९. श्री महेन्द्र कुमार गोयलज्यूले मर्जर भएका बैंकले लेखांकन गरेको गैर बैकिङ्ग सम्पत्ति लिलाली सम्बन्धी मुद्दाहरु बारे जिज्ञाशा राख्नु भयो ।

१०.श्री उद्धव प्रसाद घिमिरेज्यूले निर्माणाधिन कर्पोरेट कार्यालय भवन कहिले सम्पन्न हुने भनि जिज्ञाशा राख्नु भयो । वार्षिक प्रतिवेदनको अन्तिम पृष्ठमा बैंकको सबै शाखा तथा प्रदेश कार्यालय रहेको ठाँउ सबैले थाहा पाउने गरी नेपालको नक्सामा राख्न, बैंकलाई पूर्णरुपमा डिजिटल प्रणालीमा लैजान ध्यानाकर्षण गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

११.श्री उत्सव सुन्दर श्रेष्ठज्यूले सबै शेयरधनीहरुलाई समान व्यवहार गर्नुपर्ने धारणा राख्नु भयो ।

१२.सभामा शेयरधनीहरु श्री नरसिंह लाल चखुं, ई.श्री बैजुनाथ रौनियार, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री सुदीप श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठले लिखितपत्र मार्फत साधारण सभा समयमा गर्न, बैंकको अनावश्यक खर्च कटौटी गर्न, आगामी वर्ष लाभांश दिने गरी कर्जा असुलीमा गम्भीर भई लाग्न सुझाव दिंदै बैंकको उत्तरोत्तर प्रगति तथा सभाको सफलताको शुभकामना गर्नुभयो ।

**११) सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**
छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतले मनन गरी कार्य योजना बनाई सम्भव भएसम्म लागू गर्न प्रतिवद्ध रहेको विश्वास दिलाउनु भयो ।

देशको अर्थतन्त्र संकुचन हुँदा र कतिपय नीतिगत परिवर्तनका कारण बैंकिङ्ग क्षेत्र असाध्यै प्रभावित भएको यस परिस्थितिमा कर्जाको जोखिम न्यूनीकरण र गुणस्तर कायम गर्न बैंकले पहिलो प्राथमिकता दिई काम गरिरहेको व्यहोरा अनुरोध गर्नु भयो। कर्जा जोखिम व्यवस्थापनको लागि बिभिन्न कार्ययोजना तथा रणनीति बनाई कार्यान्वयन गर्दै आएको, खराव कर्जा बढेको भएतापनि बैंकको समग्र जोखिम अवस्था पूर्णरुपमा काबु भित्रै रहेको, बाह्य आर्थिक परिस्थितिमा सामान्य सुधार आउँदा बैंकको अवस्थामा पनि त्यसको सकारात्मक प्रभाव देखिने विश्वास व्यक्त गर्नु भयो ।

वाहय र आन्तरिक कारण देशको अर्थतन्त्रमा परेको असरले गर्दा बैंकको वित्तीय विवरणमा समेत प्रतिकुल असर परेकोले बैंकिङ्ग क्षेत्र लगायत देशको अर्थतन्त्रमा सुधारको लागि नेपाल सरकार, नेपाल राष्ट्र बैंक, नीति निर्माण तहको सहयोगको लागि बैंकर तथा संचालकहरुले सहकार्य गरी आवश्यक पहल भैरहेको जानकारी दिनुभयो ।

साथै, अध्यक्षज्यूको निर्देशनमा प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुले राख्नु भएको विभिन्न जिज्ञाशाहरु बारे थप प्रष्टिकरण दिंदै ब्याजको स्प्रेडदर, कृषि क्षेत्रमा गरेको कर्जा लगानीको रकम, गैर बैकिङ्ग सम्पत्ति लिलाली सम्बन्धी मुद्दाहरुको अवस्था बारे थप स्पष्ट जानकारी दिनु भयो ।

शेयरधनीहरुको जिज्ञासाको जवाफ दिए पश्चात अध्यक्षज्यूले आजको साधारण सभाका लागि निर्धारित बिषयसूचीका प्रस्तावहरु पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत गर्न कम्पनी सचिवलाई निर्देशन दिनु भयो ।

५

KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

***कुमारी बैंक लि., चौबिसौ वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट) मिति : २०८१/१०/२१***

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूचीको प्रस्तावहरु निर्णयार्थ पेश गरी क्रमैसँग प्रस्ताव पारित गरिदिन अनुरोध गर्नुभयो ।

१२) **सभाको प्रस्ताव तथा पारित निर्णयहरु :**

**क. सामान्य प्रस्तावतर्फ :**

**१.सञ्चालक समितिको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(१) बमोजिम सञ्चालक समितिको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**२.लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वार्षिक आर्थिक विवरण (२०८० आषाढ मसान्तसम्मको वासलात, आ.व.२०८०/०८१ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) पारित गर्ने ।**
**निर्णयः-** सभामा निर्धारित विषय सूची नं.(क)(२) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को वार्षिक आर्थिक विवरण (२०८० आषाढ मसान्तसम्मको वासलात, आ.व.२०८०/०८१ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**३.यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.वि.एल. सेक्यूरिटिज लि.को आ.व.२०८०/०८१ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण पारित गर्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(३) बमोजिम यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेड र के.वि.एल. सेक्यूरिटिज लि.को आ.व.२०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**४.आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।**
**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(क)(४) बमोजिम कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम आ.व.२०८१/०८२ को लागि वाहय लेखापरीक्षण तथा कर लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक तोक्न लेखापरीक्षण समितिले सबै भन्दा कम मुल्य प्रस्ताव गर्ने दुई लेखापरीक्षण फर्महरुलाई संयुक्त रुपमा नियुक्त गर्न गरेको सिफारिसका आधारमा श्री N.B.S.M. & Associates, Chartered Accountants, Kathmandu र श्री GP Rajbahak & Co., Chartered Accountants, Kathmandu लाई संयुक्त रुपमा पारिश्रमिक तथा अन्य सुविधा एवं सम्पूर्ण खर्च समेतका लागि मुल्य अभिवृद्धि कर सहित कुल रु.३१,००,०००/-(अक्षरेपी एकतिस लाख मात्र) प्रदान गर्ने गरी आ.व.२०८१/०८२ को वाहय लेखापरीक्षण तथा कर लेखापरीक्षण गर्न संयुक्त रुपमा लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा सो प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED



**ख. विविध ।**

प्रस्ताव खण्डको (ख) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

**१३) धन्यवाद ज्ञापन :**

अन्त्यमा, यस चौबिसौं वार्षिक साधारण सभाको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले चौबिसौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा बैंकको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक वर्ग, बैंक व्यवस्थापन समूह, सम्पूर्ण कर्मचारी वर्ग लगायत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

**१४) सभा विसर्जन :**

अन्त्यमा, सभाका अध्यक्षज्यूको अनुमतिमा छलफल तथा निर्णय गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले बैंकको चौबिसौं वार्षिक साधारण सभा दिनको १:०० बजे विसर्जन भएको घोषणा गरियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

| | |
|---|---|
| अश्विन बाबु श्रेष्ठ | अमिर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | अध्यक्ष |

****************